सर्लाही जिल्लाको चौलिखामा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# बेमौसमी तरकारी खेती तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफना ४७ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ माघ २०७५/१०/१७ गतेदेखि २०७५/१०/१९ गतेसम्म सर्लाही जिल्लाको चौलिखामा **"बेमौसमी तरकारी खेती तालिम"** सम्पन्न गरेको संस्थाका चौलिखा शाखा कार्यालयका शाखा प्रमुख श्री रामशंकर कहांरले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री गोकर्ण प्रसाद पौडेल, श्री इन्द्र देव यादव र श्री सुरज प्रसाद खनाल रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख श्री शिवराज रावलले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाका चौलिखा शाखा कार्यालयका प्रमुख श्री रामशंकर कहांरले प्रकाश पारेका थिए ।

तालिममा हिउँदे र बर्षे तरकारी खेती प्रविधि, करेसाबारीको महत्वको साथै टमाटर, भन्टा, खुर्सानी, भिन्डी खेती प्रविधि, तरकारीको नर्सरी बनाउने तरिका, लहरे तरकारी खेती प्रविधि, जरे तरकारी खेती प्रविधि, तरकारी खेतीमा मलखादको प्रयोग तथा सिंचाई र व्यवस्थापन, सागबाली खेती र बेमौसमी तरकारी खेती प्रविधि, तरकारी बारीमा लाग्ने रोग तथा कीराहरुको जानकारी तथा विषादी व्यवस्थापन, तरकारी बालीमा उचित पोष्ट हार्भेष्ट, बेचबिखन तथा बजार व्यवस्थापन सम्बन्धी विषयहरु बरेमा तथा बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको

बारेमा, संस्थाका सेवाहरु आदिको बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने चौलिखा शाखाका शाखा प्रमुख श्री श्री रामशंकर कहांरले बताएका थिए ।




यो निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा पुर्‍याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालनगर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।

संस्थाले २०७५  पौष मसान्तसम्ममा ३ लाख ३८ हजार २०० घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ पौष मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १७ अरब ९ करोड १७ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ९ अरब ६८ करोड ७४ लाख बचत परिचालन गरेको छ । तरकारी खेती गरीरहेका र गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका शाखा प्रमुख श्री रामशंकर कहार ले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा तालिमको मूल्याकंन सहभागी श्री राजदेव चौधरी, सहभागी श्रीमती किशोरी देवी चौधरीले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा तरकारी खेती गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । तरकारी खेती गरी रहेका गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय प्रमुख श्री शिवराज रावलले जानकारी गराएका थिए । तालिमको संचालन चौलिखा शाखाका लेखापाल श्री दिनेश पंडितले गरेका थिए ।